# स्थानीय राजपत्र

पिपरा गाउँपालिका द्वारा प्रकाशित

खण्ड :६ संख्या :१ मितिः २०८०/०३/१६

# भाग १

## पिपरा गाउँपालिकाको

# आर्थिक ऐन ,२०८०

मूल्य रु २०

पिपरा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १ मितिः २०८०/०३/१६

## भाग-१

## पिपरा गाउँपालिकको

# आर्थिक ऐन,२०८०

**प्रस्तावनाः**

पिपरा गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को कर तथा शुल्क निर्धारण र संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बान्धानीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भएको कानूनी ब्यबस्था स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसारको वितिय अधिकार प्रयोग गरि पिपरा गाउँपालिकाको नवौं गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस ऐनको नाम "पिपरा  गाउँपालिकाको आर्थिक ऐन, २०८० रहेको छ ।

ख. यो ऐन २०८० साल श्रावण १ गते देखि पिपरा गाउँपालिकाको क्षेत्रमा लागु हुनेछ।

२. **भूमीकरः** आ.व. २०८०/०८१ मा पिपरा गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिमको दरमा वार्षिक भूमिकर लगाईने र असुल गरिनेछ ।

३. **घर बहाल कर** : आ.व. २०८०/०८१ मा पिपरा गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा  संस्थाले भवन, घर,पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूची (२) बमोजिमको दरमा घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।

४ **सम्पति कर** : आ.व. २०८०/०८१ मा पिपरा गाउँपालिका पिपराको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र घरले चर्चेको जग्गामा सम्पति कर अनुसूची (३) बमोजिम लिई लगाई बाकी जग्गामा अनुसूची (१) बमोजिम मालपोत लगाइनेछ ।

५. **बहाल बिटौरी शुल्कः** आ.व. २०८०/०८१  मा पिपरा  गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग बापत गाउँ कार्यपालिकाले अनुसूची (४) बमोजिम बहाल बिटौरी शुल्क लगाईने र असुल गरिनेछ ।

६.**व्यवसाय करः** आ.व. २०८०/०८१ मा पिपरा गाउँपालिका पिपराको क्षेत्र भित्र गरेको व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवार समेतको आधारमा अनुसूची (५) बमोजिमको दरमा बार्षिक व्यवसाय कर लगाईने र असुल गरिनेछ ।

७. **सेवा शुल्कः** आ.व. २०८०/०८१  मा पिपरा गाउँपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरे वापत सम्बन्धित सेवाग्राहीलाई अनुसूची (६) मा तोकिएको दरमा शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**८. विज्ञापन कर** : (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची(७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) यस दफा बमोजिम गाउँपालिकाले उठाएको विज्ञापन कर वापतको रकम प्रचलित कानून बमोजिम मधेश प्रदेश सरकारसंग बाँडफाँड गरिनेछ ।

**९. कर छूटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै किसिमको कर छुट दिईने छैन।

**१०. कर शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर संकलन सम्बन्धी आवश्यक कार्यविधि पिपरा गाउँपालिकाले तोके अनुसार हुनेछ।

**११. जरिवानाः** आ.व. २०८०/०८१ मा पिपरा गाउँपालिकामा कर शुल्क, दस्तुर बुझाउनु पर्ने दायित्व भएका व्यक्ति, संस्था वा निकायले यस ऐन बमोजिम तोकिएको कर शुल्क र दस्तुर नबुझाएमा आ.ब. को कार्तिक देखी पौष मसान्त सम्म ५ % थप ,पौष देखी चैत्र मसान्त सम्म ८% थप , आ.ब. को मसान्त सम्म १०% का दरले जरिवाना लगाई कर संकलन गरिनेछ।

१२ .गाउँपालिका क्षेत्र भित्र रहेका इट्टा भट्टा ,स-मिल र साना उद्योगहरुको बिबरण सम्बन्धित वडा कार्यालयबाट संकलन गरि तोकिए अनुसारको कर गाउँपालिकाबाट बर्षेनी अशुल गरिनेछ ।

## अनुसूची (१)

### भूमि कर (मालपोत)

| इकाई | अबल | दोयम | सिम | चहार |
|---|---|---|---|---|
| प्रति कट्ठा १ को रु | १० | ०६ | ०४ | ०२ |
| नोट :मालपोत रकम रु १० भन्दा कम हुने भए रु १० न्युनतम कायम गरिनेछ ।जरिवाना (१ बर्ष पछाडी ५%,२-५ बर्ष पछाडी १५% ५ बर्ष भन्दा माथि २५ % ) | | | | |

## अनुसूची (२)

### वहाल करको दर

| सि.नं | बिबरण | दर प्रतिशत |
|---|---|---|
| १ | भवन, घर,पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी भाडामा लगाए वापत वहालमा लाग्ने वहाल कर | १० प्रतिशत |

## अनुसूची (३ )

### सम्पति करको दर

| सि.नं | बिबरण | दर प्रतिशत |
|---|---|---|
| १ | कच्ची फुसको घर | २५ |
| | कच्ची खपडाको घर | ५० |
| | पक्कि घर भुइँ तल्ला | १५० |
| | पक्कि घर १-२ तल्ला | २५० |
| | पक्कि घर ३-४ तल्ला | ४०० |

## अनुसूची (४ )

### वहाल बिटौरी शुल्क

| सि.नं. | बिबरण | बजार दिनको | खुद्र बजार |
|---|---|---|---|
| १. | चिया नास्ता पसल | ४० | ३० |
| २. | मुरही झिल्ली पसल | २५ | २० |
| ३. | चगेरा छिट्टि नंग्लो पसल | २५ | २० |
| ४. | मिठाई पसल | ४० | १० |
| ५. | मनिहरा पसल | ४० | ५ |
| ६. | जडीबुटी पसल | ३० | २० |
| ७. | माटोको भाडाकुडा पसल | २० | १० |
| ८. | भाडा वर्तन पसल | ४० | ३० |
| ९. | तरकारी पसल थोक | ५० | १० |
| १०. | तरकारी पसल खुद्र | २० | १० |
| ११. | माछा पसल | ४० | १० |
| १२. | काटेको खसी १ को | ५० | २५ |

| | | | |
|---|---|---|---|
| १३. | मसला पसल | ४० | १० |
| १४. | साबे डोरी पसल | ५ | ५ |
| १५. | फलफुल पसल | ४० | ५ |
| १६. | सतुवा पसल | ५ | ५ |
| १७. | खैनी पसल | २० | १० |
| १८. | कुखुरा पसल | १०० | ४० |
| १९. | कपडा पसल | ५० | २५ |
| २०. | चामल दाल पसल(खाधन्य) | २० | १५ |
| २१. | जुत्ता चप्पल पसल | २० | १५ |
| २२. | उनि कपडा पसल | १५ | १० |
| २३. | चौमिनछोला भटोरा पसल/ | २० | २० |
| २४. | मदिरा पसल | ५० | ३० |
| २५. | माछा मासु फराई पसल | ४० | २० |
| २६. | आदुवा लहसुन पसल | ३० | १५ |

| | | | |
|---|---|---|---|
| २७. | अन्य खुद्र पसल | ३० | २० |

## अनुसूची (५)

### व्यवसाय कर

| | | | |
|---|---|---|---|
| १ | **सुचिकृत**<br>लेखापरिक्षक<br>सहकारी<br>नक्सा बनाउने कन्सल्टेन्सी<br>निर्माण ब्यबसाय,मालसामान आपूर्तिकर्ता ,सेवा परामर्श दाता | १०००<br>१०००<br>३०००<br>१००० | |
| २ | घ बर्ग निर्माण ब्यबसाय इजाजत पत्र जारी<br>घ बर्ग निर्माण ब्यबसाय इजाजत पत्र नबिकरण<br>घ बर्ग इजाजत पत्र प्रतिलिपि | २००००<br>१००००<br>२५०० | |
| ३ | बहुउदेश्य सहकारी<br>दर्ता<br>नबिकरण | ४०००<br>३००० | |
| ४ | बिषयगत सहकारी<br>दर्ता<br>नबिकरण | ३०००<br>२००० | |
| ५ | कृषि समूह /कल्ब तथा अन्य संस्था<br>दर्ता<br>नबिकरण | ५००<br>३०० | |

| | | | |
|---|---|---|---|
| ६ | ५० लाख भन्दा मुनिको अन्य ब्यबसाय दर्ता<br>५१लाख देखि १ करोड भन्दा मुनिको ब्यबसाय दर्ता<br>१ करोड भन्दा माथिको ब्यबसाय दर्ता | ३०००<br>३५००<br>४००० | |
| ७ | चिम्नी इट्टा भट्टा | १०००० | |
| ८ | आधारभूत तह बिद्यालय अनुमति | ७००० | |
| ९ | मा.बि. तह बिद्यालय अनुमति | १०००० | |
| १० | बिद्यालय कक्षा थप अनुमति | ५००० | |
| ११ | क्लिनिक ल्याब तथा औषधि पसल, | १००० | |

## अनुसूची (६)

## सेवा शुल्क तथा दस्तुर

| क्र.स | बिवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | निबेदन दस्तुर | १० | |
| २ | विवाहित/अविवाहित प्रमाणित | १०० | |
| ३ | घरबाटो प्रमाणित प्रतिकित्ता | १०० | |
| ४ | नागरिकता सिफारिस दस्तुर | ५० | |

| | | | |
|---|---|---|---|
| ५ | अंगिकृत नागरिकता सिफारिस दस्तुर | २०० | |
| ६ | नागरिकता प्रतिलिपि सिफारिस | १०० | |
| ७ | राहदानी सिफारिस दस्तुर | ५० | |
| ८ | मधेशी/जनजाती प्रमाणित दस्तुर | ५० | |
| ९ | घरबाटो सिफारिस प्रति कित्ता | १०० | |
| १० | सर्जमिन मुचुल्का | ५०० | |
| ११ | चारकिल्ला प्रमाणित सिफारिस प्रति कित्ता | २०० | |
| १२ | आम्दानी प्रमाणित<br>क ५ लाख सम्म<br>ख १० लाख सम्म<br>ग १० लाख भन्दा माथि प्रतिलाख | <br>१००<br>२००<br>थप ५० | |
| १३ | घर/पसल बन्द कोठा खुलाउने मुचुल्का | ५०० | |
| १४ | बिद्युत जडान सिफारिस | १०० | |
| १५ | धारा जडान सिफारिस | १०० | |
| १६ | पारिवारिक बिबरण प्रमाणित | १५० | |
| १७ | दुवै नाम एउटै हो सिफारिस | ५० | |

| | | | |
|---|---|---|---|
| १८ | घर पाताल सिफारिस | १०० | |
| १९ | संरक्षक प्रमाणित तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस | १०० | |
| २० | जिवित संगको नाता प्रमाणित | २०० | |
| २१ | मृतक संगको नाता प्रमाणित | निशुल्क | |
| २२ | जन्म मिति सिफारिस | ५० | |
| २३ | लालपुर्जामा फोटो टाँस सिफारिस | १०० | |
| २४ | छुट जग्गा दर्ता सिफारिस | २०० | |
| २५ | घर जग्गा मुक्यांकन दस्तुर | मुल्यांकनको ०.०६ % | |
| २६ | जग्गा दाखिला /खारेजी | प्रति कित्ता ५० | |
| २७ | स्थाई बसोबास सिफारिस | ५० | |
| २८ | बिपन्न तथा अपांता सिफारिस | निशुल्क | |
| २९ | नक्कल उतार प्रतिलिपि सिफारिस | ५० | |
| ३० | रुख कटान सिफारिस | १०० | |

| | | | |
|---|---|---|---|
| ३१ | पर्यावरणीय सिफारिस | १००० | |
| ३२ | उद्योग ठाउँसारी सिफारिस | ५०० | |
| ३३ | उद्योग नामसारी सिफारिस | ५०० | |
| ३४ | नाबालिक सिफारिस | १०० | |
| ३५ | परिवार बिबरण सिफारिस | १०० | |
| ३६ | मोही लगत कट्टा | २०० | |
| ३७ | जग्गा धनी प्रमाण पुर्जा प्रतिलिपि | २०० | |
| ३८ | जग्गा नामसारी सिफारिस | ५०० | |
| ३९ | ब्यबसाय दर्ता सिफारिस<br>कृषि,पशु संग सम्बन्धित<br>अन्य ब्यबसाय संग सम्बन्धित | <br>५००<br>१५०० | |
| ४० | आर्थिक लेनदेन सम्बन्धि कागजात प्रमाणित | २०० | |
| ४२ | अन्य सिफारिस | १०० | |
| ४३ | कुनै सिफारिस अंग्रेजीमा गर्नुपर्ने | दस्तुरको दोब्बर | |
| मुद्दा तर्फ | | | |

| | | | |
|---|---|---|---|
| १ | न्यायिक समिति उजुरी दर्ता | ५० | |
| २ | मिलापत्र कागज गर्ने | ५० | |
| ३ | फिराद दस्तुर | ५० | |
| ४ | प्रतिउत्तर दस्तुर | ५० | |
| ५ | नक्कल दस्तुर प्रति पाना नक्सा बाहेक | ५ | |
| **घर नक्सा पास तथा अभिलेखीकरण कर** | | | |
| १ | नक्सा फारम दस्तुर | ५०० | |
| २ | भुइ तल्ला प्रति बर्ग फिट | २ | |
| ३ | पहिलो तल्ला प्रति बर्ग फिट | ३ | |
| ४ | दोस्रो तल्ला देखि माथि प्रति तल्ला प्रति बर्ग फिट | ४ | |
| ५ | टिनको छाना खरको छाना भएको घर, बनाउन इजजात दस्तुर | निशुल्क | |
| ६ | नक्सा नामसारी दस्तुर प्रति तल्ला | ५०० | |
| ७ | निर्माण सम्पन्न दस्तुर | ५०० | |

| | | | |
|---|---|---|---|
| **पंजीकरण तर्फ** | | | |
| १ | जन्म सम्बन्ध,बसाईसराइ,बिबाह, मृत्यु, बिच्छेद घटना दर्ता | ३५ दिन भित्र निशुल्क सो पछी २०० | |
| २ | घटना दर्ता प्रतिलिपि | ५०० | |
| **स्वास्थ्य तर्फ** | | | |
| १ | OPD टिकट दस्तुर<br>पिपरा जनता अस्पताल<br>स्वास्थ्य चौकी | <br>२०<br>१० | |
| **पशु तर्फ** | | | |
| १ | OPD टिकट दस्तुर | १० | |

**अनुसूची (७ )**

## बिज्ञापन कर

| सि.नं | बिबरण | दर प्रतिशत |
|---|---|---|
| १ | सडक छेउमा व्यावसायिक प्रयोजनको लागि राखिएको होर्डिङ्गबोर्ड प्रति बर्गफिट | २५ |
| २ | भित्तेलेखन व्यक्तिगत वा सार्वजनिक भवन वा कम्पाउण्ड आदिमा प्रति बर्गफिट | २० |
| ३ | ग्लो साइन बोर्ड, डिपिएस बोर्ड प्रति वर्ग फिट | २० |
| ४ | तुल व्यानर बढीमा एक महिनाको लागि प्रतिवर्ग फिट | १० |

**प्रमाणीकरण मिति :२०८०/०३/१३ गते**

**राजपत्रमा प्रकाशित मिति :२०८०/०३/१६ गते**

आज्ञाले ,

**शम्भु ठाकुर**

प्रमुख प्रशासकीय अधिकृत